# २ हाम्रो विश्वास तथा आस्थालाई परिपक्व बनाउने

*यस अध्यायका मूल पदहरू:* याकूब १:२,३, १ पत्रुस १:६,७, फिलिप्पी ३:१२-१५, याकूब १:१९-२१, लूका १७:५,६, लूका १२:१६-२१।

*कण्ठ गर्नुपर्ने पद:* "येशूतिर हामीहरूको नजर राखी राखौं। हामीहरूको विश्वासको स्रस्ता (लेखक) उहाँ हुनुहुन्छ। त्यस विश्वास तथा आस्थालाई उहाँले नै परिपक्व बनाउने बनाउनुहुन्छ। क्रुसको लज्जित बेइज्जतलाई उहाँले वास्ता गर्नुभएन। भविष्यको आनन्दलाई उहाँले दृष्टिगत गरिरहनुभएकोले कष्ट सहन उहाँ राजी हुनुभयो। तब उहाँ परमेश्वरको राजगद्दीको दाहिने बाहुलीमा गएर बस्नुभयो।" (हिब्रू १२:२ भावरूपान्तरित)।

**"मैले दाँतमा राख्ने खोल सधैं परिपक्व हुन्छ। प्रयोगशालाबाट ल्याएको खोलमा कहिलै पनि समस्या हुँदैन। यदि मैले परिपक्व काम त्यस प्रयोगशालामा पठाएँ भने त्यहाँबाट मैले पक्का खोल (क्राउन) पाउँछु।" एक जना दाँतको चिकित्सकले भनेको थियो। त्यस दाँतको चिकित्सकलाई दाँतको खोल कसरी बन्छ भन्ने कुरामा चिन्ता छैन। उसले आफ्नो कामलाई सकेसम्म दिलोज्यान लगाएर काम गर्ने बानी भएकोले नै त्यसबाट ल्याउने नतिजाप्रति ऊ ढुक्क भएको थियो।**

त्यही प्रकारले अन्तमा हामीहरूको चरित्र कस्तो होला भनेर हामी येशूभक्तहरूले चिन्ता गर्नु जरुरी छैन। हामीहरूको चरित्रलाई कसरी ढाल्ने त्यो काम परमेश्वरको हो। तर हामीहरूको कामचाहिँ परिपक्व तरिकाले विश्वासको लडाइँ लड्ने हो (१ तिमोथी ६:१२)। तर त्यो लडाइँ लड्दा हामीहरूको आँखा हामीहरूमा होइन न त अरू इसाईहरूमा लगाउनु पर्छ तर हामीहरूको विश्वासको स्रस्ता र त्यसलाई परिपक्व बनाउने येशूमा नै हामीहरूको आँखा एक टक लगाएर हेर्दै अघि बढ्नुपर्छ (हिब्रू १२:२)। येशूमाथिको त्यस्तो किसिमको विश्वासले नै उहाँका वचन पालन गर्न हामीलाई उहाँले नै सामर्थी बनाउनुहुन्छ। उहाँको वचन पालन गर्न पनि हामीलाई उत्सुक बनाउने

उहाँनै हुनुहुन्छ (फिलिप्पी २:१३) र हामीमा सुरू गर्नुभएको असल कामलाई पनि उहाँले नै सम्पन्न गर्नुहुनेछ (फिलिप्पी १:६)। येशूको सट्टा एक आपसमा हेर्ने हामीहरूको प्रवृत्तिले गर्दा झट्ट जोसमा अंगालेको विश्वास पग्लिएर जाने संभावनाप्रति हामी सचेत रहनुपर्छ।

"परमेश्वरले पठाउनुभएकोलाई विश्वास गर्नुपर्छ, यही नै परमेश्वरले चाहनुभएको काम हो।" भनेर येशूले भन्नुभएको थियो (यूहन्ना ६:२९)। तर येशूमाथि आस्था राखेर कसरी अघि बढ्ने भन्ने महत्त्वपूर्ण आत्मज्ञान याकूबले हामीहरूको सामु तेर्स्याइएको हामी पाउँछौं। यस अध्यायमा त्यसैलाई मध्यनजर राखेर छलफल गर्नेछौं।

## १. येशूमाथिको आस्थामा निरन्तरता (याकूब १:२,३)

**इसाई जीवनमा आइपर्ने अनेकन् दुःख, कष्ट, सतावटको बारेमा दुवै याकूब र पत्रुसको धारणा एकै भएको पाइन्छ। येशूलाई विश्वास गर्दा सबै कुरा ठीक ठीक नभएर अनेकन् कष्टहरू सहनु अपरिहार्य छ भनेर बाइबलले सिकाएको शिक्षालाई हामीहरूले कसरी ग्रहण गर्ने? हेर्नुहोस्ः याकूब १:२,३ "मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। ३ किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ।" र १ पत्रुस १:६,७ "तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ। ७ आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ। तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्, र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस्।"**

दुःख, कष्ट आपद्-विपद् आएको कोही पनि चाहन्दैन। सकेसम्म यो परिस्थितिमा नपर्न हामी सबै जना प्रयास गर्छौं। हामीहरूको विश्वासलाई जाँच गर्ने भन्ने ३ पदमा प्रयोग गरेको शब्द ग्रीक भाषाको डोकिमियोन (dokmion) प्रयोग गरिएको छ। कुनै कुरो सत्य वा यथार्थ हो कि भनेर प्रमाणित गर्न यो शब्दलाई प्रयोग गरिएको हुन्छ। हामीहरूको विश्वास वा आस्थाको जाँच आगोमा खारिएको सुनसँग पत्रुसले तुलना गर्दछन्। जसरी सुनलाई शुद्ध बनाउन आगोमा

हालेर खारिन्छ त्यसरी नै हामीहरूलाई विश्वासमा शुद्ध बनाउन कष्टको आगोमा खारिनुपर्छ भन्ने उनको धारणा हो। यसरी खारिनु भनेको रमाइलो कुरो होइन, तर त्यसबाट सफल इसाई वा राम्रो नतिजा भएको होस् भन्ने परमेश्वर अपेक्षा गर्नुहुन्छ। दुःख, कष्ट वा विपद्ले हामी निराश पर्नुहुन्न। किनभने यदि हामी विश्वासमा अडिग भएर बस्यौं भने हामी सुन जस्तै चम्केर निस्किनेछौं (अय्यूब २३:१०सँग हितोपदेश १७:३ तुलना गर्नुहोस्)।

त्यसकारण हामीहरूको विश्वासको कारणले अनेकन् सतावत तथा आपद्-विपद् आइपर्दा हामीहरू रमाउनुपर्छ भनेर याकूबले जिकिर गर्छन्। येशू आफैले यस विषयमा यसरी टिप्पणी गर्नुहुन्छ "तिमीहरू आनन्दित होऊ, हर्षले गद् गद होऊ। किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुन्छ।"(मत्ती ५:१२ रूपान्तरित)। हामीलाई दुःख आउँदा हाम्रो निम्ति येशूले पाउनुभएको कष्टलाई अझ राम्रोसँग सराहना गर्न सघाउँछ। ख्रीष्टको कष्टमा हामीलाई पनि सहभाग गराउन ती दुःखकष्टले सामर्थवान बनाउँछ भनेर पत्रुसले १ पत्रुस ४:१३मा व्यक्त गर्दछन्।

छोटकरीमा भन्ने हो भने हामीहरूलाई ती दुःखकष्ट आउन परमेश्वरले दिनुभएको अनुमतिलाई बुझ्न हामीलाई सजिलो त छैन, तैपनि आउने प्रत्येक दुःखबाट उचलिएर जिउनुपर्दछ। त्यसले हामीहरूको आस्था वा विश्वासलाई जन्माउँछ। प्रेमिलो परमेश्वरमाथि विश्वास गर्न आवश्यक छ, उहाँको ज्ञान र बुद्धिमा भरपर्नै पर्छ र उहाँको वचनको आधारमा हामी चल्न जरुरत ठान्नु पर्छ। हामीहरूको सुरक्षित भविष्य न त हामीहरूको हातमा न कसैको हातमा तर परमेश्वरमा नै राख्न ती कष्टहरूले सहायता गर्दछन् (रोमी ८:२८)। यथार्थमा भन्ने हो भने विश्वास र परमेश्वरको प्रेमको आत्मज्ञानद्वारा मात्र दुःखकष्टमा रमाउन सक्ने सम्भावना हुन्छ।

हामीहरूको विश्वासको जाँचको महान् लक्ष्य नै हामीलाई धैर्यताको लक्षणले सुसज्जित गराउनु हो। धैर्य शब्दलाई जनाउन याकूबले ग्रीक शब्द हिपिमेन्ट (hypement) प्रयोग गर्दछन्। सहन सक्ने क्षमता, जे भएपनि निरन्तर लागि रहने गुण वा चलिरहने शक्ति

भनेर त्यस शब्दलाई अनुवाद गर्न सकिन्छ। हिपिमेन्टको अर्थ सबै कुरा टलेर गएपनि हामीहरूलाई अन्तमा दिनुहुने मुक्ति र पापबाट स्वतन्त्र बनाइराख्ने परमेश्वरले गर्नुभएको प्रतिज्ञामा भरपर्ने हो (लूका २१:१९ हेर्नुहोस्)।

**अनेकन् दुःखकष्ट, आपद् विपद् आइपर्दा पनि परमेश्वरमाथिको विश्वास तथा आस्थालाई पकडि राख्नु सच्चा इसाईको सराहनीय पक्ष हो। अत्यन्त कष्टमय समयमा पनि हर्षित भएर बस्नु भनेर हामीलाई भनिएको छ। इसाई जीवनमा यस्तो कुराको अपेक्षा गर्नु के अति नै होइन र? दुःखकष्टमा विश्वासलाई थामिराख्नु सजिलो नभएको परिप्रेक्ष्यमा त्यसमा पनि ती कष्टहरूमा रमाउनु रे? हो, यो सल्लाह नभएर निर्देशन जस्तै हो। तर दुःख आइपर्दा रमाइलो मान्नु हामीहरूको मानविय स्वभाव भन्दा बाहिर भएतापनि येशूमाथिको विश्वासले गर्दा प्रतिकुल अवस्थामा आनन्दको आभास पाइरहनुपर्छ भन्ने याकूब र पत्रुसको कथनलाई हामीले कसरी साँचिराख्ने?**

## २. शिद्धता वा परिवक्वता (याकूब १:२-४)

याकूब १:२-४मा विश्वासीहरूले अपनाउनुपर्ने स्वभावको क्रम रोचकपूर्णरूपमा प्रस्तुत गरिएको छ। हेर्नुहोस्: “२ मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। ३ किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ।४ धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ।"

विश्वासीको जीवनमा हुनुपर्ने ख्रीष्टिय स्वभावको कदमहरूमा विश्वास वा आस्था, परिक्षा, धैर्यता र परिपक्वता वा शिद्धता याकूबले उल्लेख गरेका छन्। सच्चा येशूभक्तको अनुभवको आधारशीला विश्वास वा आस्था हुन् भनेर याकूबले आफ्नो पत्र सुरू गर्दछन्। अनि हामीहरूले येशूलाई मुखले मात्र विश्वास गरेको हो कि वा साँच्चिकै र बलियो छकि भनेर प्रमाणित गर्न विभिन्न परिक्षा तथा दुःखकष्टहरू आउनु अपरिहार्य छ भनेर उनले भन्दछन्। अनि दुःखकष्ट र

परिक्षाहरूले हामीलाई धैर्य हुन सिकाउँछ भनेर याकूबले व्यक्त गर्दछन्। यसले गर्दा कुनै पनि अचानक घट्ना आइपर्दा हामी छक्क पर्ने छैनौं न त तिनीहरूले हामीहरूको विश्वासलाई धरासयी पार्न सक्छ। कुनै कुराको अभाव नहोस्, हामीहरू परिपक्व वा शिद्ध होस् र सबै कुराहरूमा पूर्णता पाएर अघि बढोस् भन्ने परमेश्वरको लक्ष्य हामीहरूप्रति हो भनेर याकूब १:४मा याकूबले स्पष्ट पार्दछन्। अर्थपूर्ण इसाई जीवनको लक्ष्यलाई वाख्या गर्न त्यो भन्दा मिठो भाषा अरू के होला? परिपक्व वा शिद्ध (teleies टेलिइस्)को अर्थ आत्मिक स्वभावमा परिपक्व भएर बढ्नु हो। तर पूर्णता ( holokleres होलोक्लेरस्)को अर्थ प्रत्येक कुरामा सिद्ध भएर चल्नु हो। यदि हामीहरूको आफ्नै भाऊ वा सम्मान खोज्ने प्रवृत्तिलाई त्याग्न सक्यौं भने र हामीहरूमा परमेश्वरले चाहेका असल लक्ष्यलाई उहाँलाई नै परिचालित गर्न दियौं (फिलिप्पी २:१३) भने अत्यन्त धेरै धेरै आशिषमय जीवन परमेश्वरमा बिताउन सक्दछौं।

**इसाई जीवनमा हुनुपर्ने सिद्धता वा परिपक्वताप्रति हामीहरूको धारणा कस्तो हुनुपर्छ भनेर देहायका पदहरूले कसरी देखाउँदछन्? हेर्नुहोस्ः एफिसी ४:१३ “जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं तबसम्म परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं।" र फिलिप्पी ३:१२-१९ “यो चाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो। उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ़ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं। १३ यसैकारण म तिमीहरूलाई निवेदन गर्दछु, कि तिमीहरूका निम्ति मैले भोगिरहेको कष्टमा तिमीहरू हताश नहोओ। यी तिमीहरूका गौरव हुन्। १४ यसैकारण म पिताको सामने आफ्ना घुँड़ा टेक्तछु, १५ जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ। १६ म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्, १७ र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, १८ सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति**

**प्राप्त गर्न सक, १९ र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।"**

जबसम्म पावलले जस्तै येशूभक्तहरूले पनि प्रभुको निश्वार्थी, त्यागी प्रेमको अनुसरण गर्न सक्दैन तबसम्म तिनीहरू कहिले पनि संतुष्ट हुनुहुन्दैन। हामी त्यस प्रेमको जीवनलाई अपनाएर चलेतापनि इसाई जीवनको लक्ष्यमा पुगिसक्यौं वा परिपक्व भयौं भनेर कहिलै पनि दावी गर्न सक्दैनौं (फिलिप्पी ३:१२)। (पक्का वा सच्चा इसाई हुनु भनेको येशूलाई प्रतिबिम्ब गर्न सक्नु क्षमता वा स्वभाव हो। हामीमध्ये कसले येशूलाई प्रतिबिम्ब गर्न सफल भयौं भनेर दाबी गर्न सक्छौं र? त्यस परिवेशमा के हामी इसाई हौं भनेर हुँकार्न हामीमा खुबी छ त? जबसम्म त्यो स्थितिमा पुग्न सक्दैनौं तब सम्म हामी केवल येशूको उपासक हौं भनेर नरम भएर किन नचल्ने?-अनुवादकको जिज्ञासा)।

पावलले वर्तमान होइन भविष्यलाई लक्षित गरेर बोलेको कुरालाई पनि नियाल्नुहोस्। येशूमा आस्थावान भएर चल्दा परमेश्वरले के प्रतिज्ञा गर्नुभएको छ त्यतातिर पावलले औंल्याएको पाइन्छ। कुनै पनि इसाई हुँ भनेर दावी गर्नेले "म चर्चमा गएको यति यति वर्ष भयो, मलाई बाइबलको कुरा सबै थाहा छ, मैले यति यति पढेको छु त्यसकारण म पक्का इसाई भइसकें" भन्ने आँट गर्न सक्दैन। (इसाई जीवनको घमण्ड गर्ने वा म पाको छु भनेर दावी गर्नेहरू अरूप्रति आलोचनात्मक हुने बानी, अरूलाई वेवास्ता गर्ने आचरण र अरूभन्दा आफू कतिको धर्मात्मा वा पक्का इसाई हुँ भनेर दावी गर्नेहरू के तपाईंले कहिलै भेट्नुभएको छ? एडभेन्टिस्टमै बाइबल र एलेन जी ह्वाइटका कुराहरू सच्चा रूपमा पालन गरेको छु तर फलाना ढिस्काना बाइबल वा स्पिरिट अभ प्रोफेसी वा एलेन जी ह्वाइटका निर्देशन अनुसार चल्दैन त्यसकारण तिनीहरू देखावटी एडभेन्टिस्ट मात्र हुन् भनेर अरूको मुल्याङ्कन गरेर चल्ने मानिसहरू कतिको सक्षम् इसाई हुन् भनेर हामी पत्यार गरेर तिनीहरूसँग हिंड्न मनपराउँछौं र?) हामीहरू कुनै चित्रकला वा कला जस्तै हौं। हामीहरूको जीवन सधैं सुधार्दै जानसकिने जीवन हो। हामी दिनदिनै परमेश्वरमा भरोसा राखेर चल्न र उहाँका वचनहरू पालन गरेर चल्न उहाँमा समर्पित हुन्छौं वा उहाँमा आस्थावान

भएर अघि बढ्छौं भने मात्र हामीलाई परिपक्व बनाउन उहाँले वचन दिनुभएको छ।

तपाईं तत्कालै मर्नुभयो रे? के तपाईं मुक्ति पाउन सक्षम् भइसकेको छु भनेर दावी गर्न सक्नुहुन्छ? अर्थात् येशूलाई विश्वास गरेको दुई हप्तापछि तपाईं मर्नुभयो रे? के मैले राम्रो काम गरेकोले म स्वर्ग जान योग्य भइसकेको छु भनेर दावी गर्ने खुबी तपाईंमा छ र? के छ महिनापछि मेरो इसाई जीवन असल हुनेछ र मुक्ति पाउन योग्यको हुनेछु भनेर तपाईं यकिन गर्न सक्नुहुन्छ र? जतिसुकै पक्व इसाई हुँ भनेर दावी गरेतापनि ख्रीष्टको पवित्र धार्मिकताको पोशाक ओढ्ने तपाईंको आवश्यकता हो भनेर उपरोक्त जिज्ञासाहरूको जवाफले कसरी बताउँछ?

## ३. विश्वाससाथ माग्नु (याकूब १:५,६)

याकूबको सोचाइमा ज्ञान र बुद्धिको बीचमा भिन्नता फरक छ। त्यो फरक के छ? वुद्धि र विश्वासको बीचमा सम्बन्ध छ भनेर याकूबले कसरी बताउँछन्? हेर्नुहोस्ः याकूब १:५,६ "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ। ६ तर त्यसले कत्ति पनि शङ्का नगरी विश्वाससाथ मागोस्। शङ्का गर्नेचाहिँ बतासले उचाल्दै पछार्दैगर्ने समुद्रका छालसमान हुनेछ।"

"तिमीहरूमध्ये कसैलाई वुद्धि चाहिन्छ भने.." भनेर याकूबले सम्बोधन गर्नु नै अचम्म लाग्दो छ। बुद्धि प्रसस्त छ भनेर कसले दावी गर्द सक्छ र? सोलोमन जस्तो राजाले पनि बुद्धिको खाँचो भएको महसूस गरेका थिए। त्यसकारण उनले नम्र भएर बुझ्न सक्ने हृदय र असल र खराब छुट्याउन सक्ने खुबीको निम्ति प्रार्थना गरेका थिए (१ राजा ३:९)। "परमेश्वरको भय वा उहाँप्रति श्रद्धा जगाइ राख्नु नै वुद्धिको सुरू हो" भनेर उनले पछि लेखेका थिए (हितोपदेश ९:१०)।

हामीलाई थाहा पाएको कुराले गर्दा हामीमा वुद्धि छ भनेर सोच्न मन पराउँछौं। तर सच्चा वुद्धिको अर्को पक्ष के रहेछ भनेर याकूबले देहायका पदहरूमा कसरी व्यक्त गर्दछन्? अर्थात असली वुद्धिमान हुनु भनेको के रहेछ? हेर्नुहोस्ः याकूब १:१९-२५ "मेरा प्रिय भाइहरू, यो

कुरा जानः प्रत्येक मानिस सुन्नमा छिटो, बोल्नमा ढिलो र रिसाउनमा ढिलो हुनुपर्छ।२० किनकि मानिसको रीसले परमेश्वरको धार्मिकता ल्याउँदैन। २१ यसैकारण सबै फोहोर कुरा र समस्त दुष्टतालाई हटाओ, र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरूका प्राणलाई उद्धार गर्न सक्छ। २२ तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ। २३ कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, २४ किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ। २५ तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ।", याकूब २:१४-१७ “मेरा भाइ हो, यदि कोही मानिसले “मसित विश्वास छ” भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र? १५ यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, “शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ” मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मुर्दा हो।" र याकूब ३:१३-१८ “तिमीहरूमध्ये बुद्धिमान् र ज्ञानी को छ? आफ्नो असल जीवनद्वारा बुद्धिको नम्रतामा त्यसले आफ्ना कामहरू देखाओस्। १४ तर यदि तिमीहरूका हृदयमा कटु ईर्ष्या र स्वार्थी अभिलाषा छन् भने यी कुरामा अभिमान नगर, र सत्यतालाई झूटा नबनाओ१५ यो बुद्धि स्वर्गबाट आउने बुद्धि होइन। तर यो त सांसारिक, अनात्मिक र शैतानिक हो।१६ किनकि जहाँ डाह र स्वार्थपूर्ण अभिलाषा हुन्छ, त्यहाँ भाँड्भैलो र हरेक किसिमको भ्रष्ट काम हुन्छ। १७ तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ। १८ शान्ति कायम राख्नेहरूले शान्तिमा छर्छन्, र तिनीहरूले धार्मिकताको फसल बटुल्छन्।"

बुद्धि भनेको साँचिराख्ने कुरा नभएर प्रयोगात्मक हुनुपर्छ र त्यो अत्यन्त उपयोगी गुण हो भनेर राजा सोलोमन र याकूबले वर्णन गर्दछन्ः हामीलाई थाहा पाएको कुराले हामीमा बुद्धि छ वा हामी ज्ञानी छौं भनेर देखाउँदैन तर हामी कसरी जिउँछौं त्यसले हामीमा कतिको बुद्धि छ वा ज्ञानी छौं भनेर देखाउँदछ। "सुन्नमा चतुरो तर बोल्नमा धिलो हुनु" (याकूब १ः१९ व्यवहारिक बुद्धिमानको एक गुण हो।

प्राचिन ग्रीक देशको प्रशिद्ध दार्शनिकले यो भनेका थिए "बुद्धिमानी वा ज्ञानी मानिसहरू बोल्दछन् किनभने केही कुरा बोल्न तिनीहरूमा हुन्छ। तर केही कुरा भन्न मनपराउने मूर्खले बोल्दछ।" अर्को अर्थमा भन्ने हो भने संसारले दिने सबै ज्ञानहरू हामीमा हुनसक्छ तैपनि सच्चा बुद्धि हामीमा छ भन्ने होइन।

**सबै** सच्चा र पक्का बुद्धिको स्रोत परमेश्वर हुनुहुन्छ। त्यो स्रोतलाई उपयोग गर्न तिन तरिकाहरू हामीले अपनाउनुपर्दछः (१) परमेश्वरको वचन धर्मशास्त्र बाइबल पढ्न समय दिएर र (२) येशू ख्रीष्टको जीवनलाई अध्ययन गरेर (३) अध्ययन गरेको येशूको जीवनको पक्षलाई सोचेर वा चिन्तनमनन गरेर। "परमेश्वरबाट आउनुभएको येशू हाम्रो निम्ति बुद्धि हुनुभएको छ" भनेर पावलले १ कोरन्थी १ः३०मा व्यक्त गरेका छन्। हामीहरूको जीवनमा येशूको स्वभावलाई प्रतिबिम्ब गर्न सक्नु र उहाँमा भएको सत्यलाई उतार्न सक्ने खुबी हुनु नै पक्का वा सच्चा बुद्धि हो।

**दोमनले होइन तर विश्वाससाथ बिना शङ्काले परमेश्वरसँग माग्नुपर्छ भनेर याकूब १ः६ले बताउँछ। यो सधैं सजिलो त छैन। हुन्छ कि हुन्दैन भनेर द्विविधासँग कसले संघर्ष गरेको छैन र? जब हामी यस परिस्थितिमा होमीन्छौं तब हामीले प्रार्थना गर्न जरुरत ठान्नुपर्छ र विश्वास गर्ने सबै कारणहरूको बारेमा हामीले सोच्न थाल्नुपर्दछ। येशूको कथा, बाइबलमा भएका विभिन्न भविष्यवाणीहरू र हामीहरूको जीवनमा भोगेका व्यक्तिगत अनुभवाहरूमा हामीले ध्यान गर्नुपर्छ। यदि ती उपायहरू अपनायौं भने कहिलेकाँहि हामीप्रति प्रहार गरिएको शङ्काको तीरसँग सामना गर्न सक्षम् हुनसक्छौं।**

## ४. परमेश्वरमाथिको विश्वास तथा आस्थाको अर्को पक्ष (याकूब १:६-८)

याकूबले देहायका पदहरूमा के भनिरहेका छन्, सोच्नुहोस्: **याकूब १:५-८ "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ। ६ तर त्यसले कत्ति पनि शङ्का नगरी विश्वाससाथ मागोस्। शङ्का गर्नेचाहिँ बतासले उचाल्दै पछार्दैगर्ने समुद्रका छालसमान हुनेछ।७ त्यस्तो मानिसले यो नसम्झोस्, कि उसले प्रभुबाट केही पाउनेछ। ८ किनकि दोहोरो मन भएको मानिस उसका सबै चालचलनमा अस्थिर हुन्छ।"**

"शङ्का"को अर्थ मानिसमा विभाजित मनस्थितिको भुमरीमा पर्नु हो। दोमन हुनु भनेको के रहेछ भनेर उक्त वाख्याले बुझाउँछ। यसको स्पष्ट उदाहरण ती इस्राएलीहरूमा पाउँछौं जो इजिप्तबाट निस्किएर यात्रा गर्ने दौरानमा कादेश बर्निया भन्ने मरूभूमिमा पुगेका थिए। त्यस ठाउँमा तिनीहरू निर्णायक क्षणको सामना गर्नुपरेको थियो। तिनीहरू विश्वाससाथ अघि बढ्ने अवसर र परमेश्वरको खिलाफमा विद्रोह गर्नेको बीचमा परेका थिए। दुर्भाग्यवस तिनीहरूमध्ये कतिपयले परमेश्वरको खिलाफमा विद्रोह गरि अघि नबढि इजिप्तकै दासत्वमा फर्कन निर्णय गरेका थिए। "ठिकै छ त तिमीहरू इजिप्तमै फर्कन चाहन्छ भने त्यहीँ फर्कनु तर मैले तिमीहरूलाई सुरक्षा दिने जिम्मा लिँदिन जसको फलस्वरुप तिमीहरू मरुभूमिमै भौंतारिएर मर्ने छौ।" भन्ने आभास तिनीहरूलाई परमेश्वरले दिनुभयो। मरुभूमिमै तिनीहरूको जीवनको अन्त्य हुनेछ भनेर परमेश्वरको फैसलाप्रति तिनीहरूको सातोपुल्टो गएको थियो। अनि अचानक तिनीहरूले परमेश्वरमाथि नै विश्वास गरेर अघि बढ्ने निर्णय गरे। "परमेश्वरले प्रतिज्ञा गर्नुभएको देशमा हामी जानेछौं। हामीले परमेश्वरको खिलाफमा पाप गर्‍यौं।" भनेर तिनीहरूले भने (गन्ती १४:४० रूपान्तरित)।

"आफूहरूको पापी व्यवहारप्रति हृदयदेखि दुःख मानेको जस्तो ती इस्राएलीहरूले देखाएका थिए। तर खराब बाटो अपनाउँदा त्यसको नतिजा के हुनेरहेछ भन्ने कुरामा तिनीहरू पछुताव गरेका थिए। तर तिनीहरूमा भएको कृतघ्नता (परमेश्वरलाई जस नदिने प्रवृत्ति) र

अनाज्ञाकारिताप्रति पश्चाताप गरेका थिएनन्। जब परमेश्वरको निर्णयमा रतिभरपनि पछाडि नहट्नुभएको मानिसहरूले महसूस गरे तब ती मानिसहरूमा भएको हठी स्वभाव फेरि जागे। मरुभूमिमा नफर्कने तिनीहरूले घोषणा गरे। तर शत्रुहरूको देशबाट फर्कन तिनीहरूलाई परमेश्वरले आज्ञा दिनुभयो। तिनीहरू आफ्नो वचनमा कतिको वचनवद्ध थिए भनेर परमेश्वरले जाँच गर्नुभएको थियो। तर परमेश्वरप्रतिको आस्था तथा विश्वास केवल देखावतीमात्र भएको तिनीहरूले प्रमाणित गरे।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३९१बाट रूपान्तरित।

**परमेश्वरमाथिको विश्वासमा अटल भइरहनु भनेको के रहेछ भनेर येशूले हामीलाई लूका १७:५,६मा यसरी भन्नु भएको छ "प्रेरितहरूले प्रभुलाई भने, "हामीहरूको विश्वास बढ़ाइदिनुहोस्।" ६ प्रभुले भन्नुभयो, "तिमीहरूमा रायोको दाना जति पनि विश्वास भएदेखि तिमीहरूले यस किम्बुको रूखलाई, 'तँ उखेलिएर समुद्रमा रोपिन जा' भन्यौ भने, त्यसले मान्नेछ।**

**लूका १७:५ प्रेरितहरूले प्रभुलाई भने, "हामीहरूको विश्वास बढ़ाइदिनुहोस्।" लुका १७:६ प्रभुले भन्नुभयो, "तिमीहरूमा रायोको दाना जति पनि विश्वास भएदेखि तिमीहरूले यस किम्बुको रूखलाई, 'तँ उखेलिएर समुद्रमा रोपिन जा' भन्यौ भने, त्यसले मान्नेछ।"**

"हामीहरूको विश्वास बढाइदिनुहोस्।" भनेर चेलाहरूले येशूसँग अनुरोध गर्दा "तिमीहरूमा रायोको दानाजत्रोमात्र विश्वास भए प्रसस्त पुग्छ।" भनेर येशूले तिनीहरूलाई भन्नुभएको थियो। के हामीहरूको विश्वास जीवित र बढ्दै गइरहेको छ? यसमा ख्याल राख्नु अत्यन्त जरुरत ठान्नुपर्छ। यदि हामीले परमेश्वरमाथि हामीहरूको विश्वास जीवितै राख्न चाहन्छौं र बढिरहेको हामी चाहना गर्छौं भने हामीहरूले सामना गर्ने सबै परिस्थितिमा उहाँमा भरपर्ने खुबी हुनुपर्छ।

तर विश्वासको अवरोध हामीमा उत्पन्न हुने शङ्का हो। यस संसारमा शङ्का र परमेश्वरको अस्तित्वमाथि अविश्वास गर्ने प्रवृतिले चौतर्फी हमला हामीमाथि भइरहेको हामी पाइरहेकाछौं। यसबाट कोही पनि सुरक्षित छैन। जब शङ्काले हामीलाई हमला गर्छ तब हामी

परमेश्वरसँग प्रार्थना गर्नुपर्छ, विगत समयहरूमा उहाँले हामीलाई कसरी दोऱ्याउनुभयो त्यो सम्झिनुपर्छ र हामीहरूको भविष्य उहाँमा नै छ भनेर उहाँमाथि भरोसा राख्नुपर्छ।

**के कारणहरूले गर्दा तपाईं परमेश्वरमा भरोसा राखेर चल्नुभएको छ? उहाँका प्रतिज्ञाहरूमा आत्मसात् गरेर तपाईंको विश्वासलाई कसरी जगाइराख्नुभएको छ? यदी ती कुराहरूलाई गहिरिएर सोच्नुभयो भने तपाईंको विश्वास झन झन पहलाएर जानेछन्।**

## ५. धनी र गरिब (याकूब १:९-११)

आफ्नो पत्र छोटै भएतापनि याकूबले गरिब, निमुखा, पिछडिएको र श्रमिक वर्गहरूप्रति अत्यन्त गम्भिर चासो देखाएको पाउँछौं। कतिले याकूबको पत्रको मूल विषयवस्तु नै निर्धन तथा गरिबहरूप्रति येशूभक्तहरूले देखाउनुपर्ने कर्तव्यको बारेमा छ भनेर ठोकुवा गरेको पाइन्छ। तर वर्तमान परिप्रेक्ष्यमा हेर्ने हो भने गरिबको पक्षमा बोलेर धनीवर्गहरूलाई दोष लगाउने काम त याकूबले अति नै गरेको भनेर गुनासो गरेको पाइन्छ। सम्भ्रान्त अर्थात् पुगिसरी भएका इसाईहरूको निम्ति त याकूबको पुस्तक झटकारो जस्तै भएर बसेको देखिन्छ। तर यथार्थमा याकूबले गरिब तथा श्रम जीविहरूप्रति जुन कुराहरू व्यक्त गरे ती येशूले व्यक्त गर्नुभएको भन्दा अलग थिएन। समाजमा भएका निम्न वर्गहरूप्रति इसाई भनाउँदाहरूले देखाउनुपर्ने संवेदनशीलता येशूसम्मत नै भएको याकूबको पुस्तकले दिंदछ।

**गरिब र धनीको विषयमा याकूबले व्यक्त गरेका भावनाहरू येशूका वचनहरूसँग कसरी मिलेको छ भनेर तुलनात्मक रूपमा देहायका पदहरूमा हेर्नुहोस्। साथै ती पदहरूमा स्पष्टरूपमा प्रस्तुत गरेका कस्ता चेतावनीहरू छन् जसबाट हामी शिक्षा लिन सक्छौं? हेरौंः याकूब १:९-११ संग लूका ८:१४ "दीन अवस्थाको भाइले आफ्नो उच्च अवस्थामा गर्व गरोस्, १० र धनीले चाहिँ आफ्नो दीन अवस्थामा गर्व गरोस्, किनकि मानिस घाँसको फूलजस्तै ओइलिजानेछ।११ किनभने डढ़ाउने गर्मीसँग सूर्य उदाउँछ, र घाँसलाई ओइलाइदिन्छ। फूल झर्छ र त्यसको शोभा नष्ट हुन्छ। त्यसरी नै धनी मानिस पनि आफ्नै कामधन्धामा नष्ट**

भएर जान्छ।" लूका ८:१४ "काँढ़ाहरूका बीचमा पर्नेचाहिँ तिनीहरू हुन्, जसले सुन्छन्, तर पछि यस जीवनका चिन्ता, धन, सुख-चैनमा परेर बढ्न पाउँदैनन्", याकूब १:२७सँग मत्ती २५:३७-४० "परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही होः अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु।" मत्ती २५:३१-४० "मत्ती २५:३१ "जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। ३२ र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। ३३ उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। ३४ तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ३५ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६ नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।' ३७ "तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८ कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? ३९ र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं?' ४० "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ।', याकूब २:१५,१६सँग "यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र?" लूका ९:२९-३७ "तिनले (व्यवस्थाका

पण्डित) आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, “मेरो छिमेकीचाहिँ को हो त?” ३० येशूले जवाफ दिनुभयो, “एक जना मानिस यरूशलेमबाट यरीहोतिर जाँदैथियो। त्यो डाँकूहरूको फेला पऱ्यो। तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोड़ेर गए। ३१ संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो। ३२ त्यसै गरी एक जना लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो। ३३ तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो। ३४ र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरूमा पट्टी बाँधिदियो, र आफ्नै गधामाथि चढ़ाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गऱ्यो। ३५ भोलिपल्ट उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, ‘यिनको हेरचाह गर, र अरू बढ़ी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु’।” ३६ येशूले सोध्नुभयो, “तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो?” ३७ तिनले भने, “त्यस मानिसमाथि दया देखाउनेचाहिँ।” तब येशूले तिनलाई भन्नुभयो, “जाऊ, तिमी पनि त्यसै गर।” र याकूब ५:१-५सँग लूका १२:१६-२१ “धनी मानिस हो! सुन, तिमीहरूमाथि आइपर्ने कष्टहरूका निम्ति रोओ र विलाप गर। २ तिमीहरूको धन सड़ेको छ, र तिमीहरूका पोशाकहरू कीराले खाएका छन्। ३ तिमीहरूका सुनचाँदीमा कस लागेको छ, र त्यही कस तिमीहरूका विरुद्धमा साक्षी हुनेछ, र आगोले जस्तै तिमीहरूको शरीर खानेछ। तिमीहरूले आखिरी दिनहरूका निम्ति धन साँचेका छौ ४ जुन खेतालाहरूले तिमीहरूका खेतका बाली काटेका छन्, तिमीहरूले धोकाबाजी गरेर नदिएको तिनीहरूको ज्याला नै कराउँछ, र ती बाली काट्नेहरूको पुकारा सेनाहरूका परमप्रभुका कानसम्मै पुगेको छ। ५ तिमीहरू यस पृथ्वीका सुख-विलास र मोजमज्जामा मस्त भएर बसेका छौ। बलिका दिनको निम्ति तिमीहरूले आफैलाई पुष्टाई राखेका छौ।" लूका १२:१६-२१ “लूका १२:१६ उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो, “कुनै एक जना धनी मानिसको जमिनमा प्रशस्त उब्जनी भयो।

१७ त्यसले मनमनै गुन्न लाग्यो, 'मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के गरूँ?' १८ तब त्यसले भन्यो, 'म यसो गर्नेछु– आफ्ना ढुकुटीहरू भत्काएर झन् ठूला-ठूला बनाउनेछु, र मेरा सबै अनाज र मालसामान त्यहीँ राख्नेछु। १९ अनि म आफ्नो प्राणलाई भन्नेछु, "ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर्"।' २० "तर परमेश्वरले त्यसलाई भन्नुभयो, 'ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने?' २१ "आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने, तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था यस्तै हुन्छ।"

धनी भयो भन्दैमा परमेश्वरको राज्यमा तिनीहरू पस्न सक्दैनन् भनेर याकूबले खुलायाम भनेका छैनन्। तर येशूले भन्नुभएको जस्तै धनले गर्दा मानिस भयानक प्रलोभनमा कसरी पर्छ भनेर याकूबले पनि देख्दछन्। चाहे धनी होस् चाहे गरिब होस् हामी सबैको दृष्टि हामीहरूको पक्का खजाना येशूमा राखी राख्नुपर्दछ। पैसाको पछि मात्र लाग्दा परमेश्वरभन्दा धनसम्पत्ति वा सांसारिक सःखविलास बढि महत्त्वपूर्ण छ भन्ने सोचाइमा हामीलाई पार्दछ। अनन्त जीवनलाई ओझेलोमा पार्ने धोकापूर्ण मनस्थितिबाट हामी सजग हुनुपर्दछ (२ कोरन्थी ४:१८)।

अवसरविहिन मानिसहरू धनी, शिक्षित र सामाजिक प्रतिष्ठा भएका मानिसहरूबाट अलग हुन्छन् भन्ने कुरामा दुईमत हुँदैन। तर सुरूका चर्चका विश्वासीहरूले ती दुई समूहका मानिसहरूलाई एकत्रित गरेर राखेका थिए। तिनीहरूले यस संसारका मूल्यमान्यतालाई उलथपुलथ पारेका थिए। जो विश्वासी चर्चमा निम्नस्तरको पद लिएर वा नम्र भएर बस्दछ, उसले जीउँदैमा परमेश्वरको राज्यमा महिमित स्थान प्राप्त गरेर आफ्नो  जीवन आनन्दमय बनाउँछ।

"परमेश्वरको राज्यमा धेरै भोकाएकाहरू छन् जसलाई खाना ख्वाउन आवश्यक छ। त्यहाँ धेरै नाङ्गाहरू छन् जसलाई लुगाफाटाको आवश्यकता छ। मुक्तिको पानी र रोटी नपाएर धेरै मानिसहरू अकालमा मरिरहेका छन्। गरिबहरूलाई ख्वाउन र नाङ्गोहरूलाई लुगा

दिन र सहायता गर्न मानिसहरूले थप पैसा दिनु आवश्यक छ।"-एलेन जी ह्वाइट, वेलफेयर मिनिस्त्री, पृ. २६९बाट रूपान्तरित।

**तपाईंले आफ्नो बारेमा के भन्नुहुन्छ? तपाईं धनी होस् वा गरिब होस् त्यसको पर्वाह छैन। तर पैसाको मोहमा तपाईं कतिको फस्नुभएको छ वा आकर्षणमा पर्नुभएको छ त्योचाहिँ चासोको विषय हो। पैसाको आवश्यक त छ तर त्यसमा के छ जसले गर्दा मुक्तिको निम्ति घाँडो पनि हुनसक्छ?**

## उपसंहार:

**थप जानकारीको निम्ति *द डिजाएर अभ एजेजको* पृ. २९८-३१४को "द सेरमन अन द माउन्ट पढ्नुहोस्।**

"उहाँका सेवकहरूका हृदयहरूलाई तिनीहरू आफैले जानुन् भनेर परमेश्वर चाहनुहुन्छ। तिनीहरूको अवस्थाको बारेमा सच्चा ज्ञान तिनीहरूले थाहा पाओस् भनेर तिनीहरूमा दुःखकष्ट आउन दिन उहाँले अनुमति दिनुहुन्छ। त्यसले गर्दा तिनीहरू खारिएको हुन्छ र आत्मिक रूपमा शुद्ध हुन्छ। परमेश्वरको बलियो र शुद्ध तथा स्वच्छ चरित्र हामीहरूमा ढालियोस् भनेर ती दुःखकष्टहरू उहाँका कामदारहरू भएर हामीकहाँ आउँछन्। स्वर्गदूतहरूको महिमित समाजमा शुद्ध भएर बस्न ती कष्टहरूले हामीलाई योग्य तथा सक्षम् बनाउँछन्। जब हामी अग्नी गर्भमा पार हुँदै जान्छौं तब के हामीहरूको आँखा ती स्वर्गका बस्तुहरूमा नियालेर नहिंड्ने त? हामीलाई थाहा छ हामीहरूले पाउने महिमित अनन्त जीवनको इनाम स्वर्गमा हामीले पाउनेछौं। यस संसारमा हामीले पाउने कुराहरू भन्दा ती अत्यन्त बहुमूल्यका छन्। जब हामी स्वर्गमा आँखा लगाएर हिंड्छौं तब कष्टको अग्नीगर्भमा पार गर्नुपरेतापनि हामी जल्ने छैनौं। तर हामीमा भएका अनावश्यक कसहरू तथा कमसल स्वभावहरूलाई त्यसले जलाइ दिन्छ। अनि हामी सात गुणा शुद्ध भएर परमेश्वरको पवित्र चरित्रको छाप हामीमा लगाउँदै हामी निस्कनेछौं।"-एलेन जी ह्वाइट, द एडभेन्ट रिभ्यु आण्ड शबाथ हेराल्ड, अप्रिल, १०, १८९४बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **अग्निगर्भ अर्थात्** अनेकन् सतावतमा परेका पात्रहरू बाइबलमा धेरै छन्। ती मध्य तपाईंलाई मन पर्ने कुन् हो? के कष्टमा पनि तपाईं आनन्दित हुन सिक्नुभएको छ? यदि सिक्नुभएको छैन भने त्यसको बारेमा तपाईं के भन्नुहुन्छ?

आ. सतबुद्धि भनेको केवल दिमागमा भएका ज्ञान वा आर्जन गरेको अनेकन् शिक्षामात्र होइन भन्ने कुरालाई गहिरिएर सोच्नुहोस्। तर विश्वाससाथ चल्ने कदम नै पक्का बुद्धि हो भनेर हामीले मान्नुपर्दछ।

इ. एक जना युवाको मित्र थियो जो गम्भिर कष्टमा गुज्रिरहेको थियो। उसको कष्ट हेर्नुपनि उसलाई पिडादायी भएको थियो तैपनि उसको मित्र अनुग्रहमा बढिरहेको उसले थाहा पाउँदै थियो। जब कष्टको अन्त्य भयो तब उसको मित्रको धेरै सुधार भएको उसले देखे। तपाईंको जीवनमा भोगेका कष्टहरूबाट के सिक्नुभयो जसले गर्दा तपाईंलाई आत्मिक रूपमा सघाएको छ? तपाईंले सिक्नुभएको पाठ के त्यस कष्टको बिकल्पबाट सिक्नुहुन्छ होला?

ई. कोही मानिस विश्वासमा इमान्दारी भएको देखाएतापनि शङ्काको भुमरीले भरेको तपाईंले देख्नुभएको छ? त्यस्तो मानिसलाई तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ?